# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।१० गते

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

---

सिंहदरवार पुनर्निर्माण सचिवालय, काठमाडौंबाट लिलाममा सकार गरेको सवारी साधन बा.१ झ. ६९१५ को कार श्रीमती कमला तामाङको नाममा दर्ता गर्ने प्रयोजनको लगि यातायात व्यवस्था कार्यालय, नारायणी, बीरगंजका नायव सुव्वा प्रेम कुमार भट्टराईले सेवाग्राहीसंग रु. २०,०००।- (अक्षरुपी बीस हजार मात्र ) घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटि गएको टोलीले रु.२०,०००।- (अक्षरुपी बीस हजार) घुस रकम लिदै गर्दाको अवस्थामा निज ना.सु. प्रेम कुमार भट्टराईलाई घुस रकम सहित पक्राउ गरी अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज ना.सु. प्रेम कुमार भट्टराई उपर बिगो रु.२०,०००।- कायम गरी सोही ऐनको दफा ३(१) र ३(१) को देहाय (क) बमोजिम दण्ड सजाँय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(गणेशराज कार्की)
सहसचिव एवं प्रवक्ता